गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## प्रेस विज्ञप्ति

मिति २०७६ बैशाख १ गते परेको अविरल वर्षापछिको बाढी पहिरोको कारण यस नगरपालिकाको वडा नं. १,२,३ ४ लगायत अन्य क्षेत्रमा भौतिक पूर्वाधार, घरजग्गा तथा बाली नालीमा पुगेको क्षतिप्रति गलकोट नगरपालिका दुःख व्यक्त गर्दछ। प्रकृतिसंगको संघर्ष निकै निर्मम र कठोर हुने कुराको अनुभव र अनुभुति हामी सबैले भोग्दै आईरहेका छौ। आज हाम्रो सामु यो आकस्मिक घटना दोहोरिन पुगेको छ। प्रकोप जति सुकै बेला र समयमा जान सक्ने सम्भावना हुने भएकोले विषेशगरी गौदी तथा दरमखोला छेउछाउका बस्तीहरु उच्च सतर्कताका साथ रही सुरक्षित स्थानमा गई बसिदिनुहोला। प्रकोपबाट प्रभावितहरुलाई कत्ति पनि विचलित नभई धैर्यधारण गर्न समेत अनुरोध गर्दछौ। साथै गल्कोट नगरपालिका राहात र उद्धारका लागी शसक्त रुपमा खटेको हुँदा कतै कसैलाई बिपत पर्न गएमा तुरुन्त नगरपालिका संग सम्बन्धित नजिकका जन प्रतिनिधि तथा कर्मचारीलाई खबर गर्नहुन अनुरोध गर्दै यस परिस्थितिमा घटनाको सामना गर्न हामी सबैको पहलको आवश्यक्ता छ। त्यसैले नागरिकप्रति उत्तरदायी संघीय सरकार, प्रदेश सरकार, तथा अन्य संघ संस्था उद्योगी तथा व्यापारी सबैलाई उद्धार तथा राहत कार्यमा जुट्न आवश्यक रहेको प्रति गंभिर हुदै गलकोट नगरपालिका सबै पक्षसंग हार्दिक अपिल गर्दछ।

भरत शर्मा
नगर प्रमुख

मिति : २०७६।०१।०२

भरत शर्मा
नगर प्रमुख